जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १०७ पृष्ठ: ४ | २०८३ भदौ ०१ सोमबार (Monday 17 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## वडाको बजेटबाट सामुदायिक विद्यालयलाई विद्युतीय रिक्सा हस्तान्तरण




**मणिलाल विश्वकर्मा**

लहान, ३१ साउन। सिरहाको गोलबजार नगरपालिका-७, कदिमाटोलमा रहेको सामुदयिक विद्यालयलाई वडा कार्यालयको बजेटबाट खरिद गरिएको विद्युतीय रिक्सा हस्तान्तरण गरिएको छ। विद्यालयपरिसरमा आइतबार आयोजित संक्षिप्त समारोहबिच वडाध्यक्ष हरिशरण ठाकुर, वडासचिव भरत पण्डितसहित अन्य जनप्रतिनिधि र स्थानीय अभिभावकको उपस्थितिमा विद्यालयका प्रधानाध्यापक ज्वाला मोक्तानलाई रिक्साको साँचो हस्तान्तरण गरिएको हो। गत आर्थिक वर्ष ०८२/८३ को बजेटबाट विद्यार्थीलाई विद्यालय आउन-जान सहजताका लागि सप्लायर्समार्फत खरिद गरिएको रिक्सा दिइएको वडाध्यक्ष ठाकुरले बताए।

'विद्यालयमा अध्ययनरत बहुसंख्यक गरिब तथा दलित समुदायका विद्यार्थीलाई घरबाट विद्यालय र विद्यालयबाट घरसम्म जान कठिनाइ भइरहेको थियो,' उनले भने, 'त्यही समस्या समाधानका लागि वडा कार्यालयले छुट्याएको पाँच लाख रुपैयाँ बजेटबाट सप्लायर्समार्फत रिक्सा खरिद गरी हस्तान्तरण गरिएको हो।' विद्यालयका प्रधानाध्यापक मोक्तानका अनुसार सेवा क्षेत्रअन्तर्गत पर्ने कदिमाटोल, चोहर्वा महतोटोल र धरमपुर मुसहर बस्तीका १०५ जना विद्यार्थी दैनिक विद्यालय पढ्न आउँछन्।

भौगोलिक दूरीको हिसाबले धरमपुर मुसहर बस्तीका बालबालिकालाई ओहोरदाहोर गर्दा करिब चार किलोमिटर बाटो हिँड्नुपर्ने बाध्यता भएकाले विद्युतीय रिक्सा पाएपछि सहज हुने उनले बताए। 'साना बालबालिका पिठ्युँमा किताबको झोला बोकेर विद्यालय खुलेको दिन पैदल ओहोरदोहोर गर्दा शारीरिक रूपले थाक्नुका साथै ढिलो पनि हुन्थ्यो,' उनले भने, 'वडा कार्यालयले रिक्सा उपलब्ध गराएपछि विद्यार्थीलाई समयमै विद्यालय आउन सहज हुनुका साथै प्रभावकारी पठनपाठन गर्न सकिने वातावरण बनेको छ।'

## बाख्रा चराउन गएकी पाँच वर्षीया बालिकाको कलभर्टमा डबेर मृत्यु

रौतहट, ३१ साउन। रौतहटको दक्षिणी भेगस्थित परोहा नगरपालिका ९ खापड टोलमा कलभर्टबाट खसेर पानीमा डुब्दा पाँच वर्षीया बालिकाको मृत्यु भएको छ। डुवेर स्थानीय शेख मेहबुल हककी छोरी फातमा खातुनको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी डीएसपी बसन्त गौतमका अनुसार फातमा शनिबार बिहान बाख्रा चराउन घरबाट निस्किएकी थिइन्। बाख्रा चराउने क्रममा कलभर्टको पर्खालबाट तल खसेपछि उनी जमेको पानीमा डुबेकी थिइन्।

बालिका पानीमा डुबेको देखेपछि स्थानीयवासीले तत्काल उद्धार गरी बाहिर निकाले पनि उनको मृत्यु भइसकेको थियो। प्रहरीका अनुसार घटनाबारे बिहान साढे ९ बजे प्रहरी चौकी रामपुरखापमा जानकारी पुगेको थियो। त्यसपछि असई धीरेन्द्रकुमार झाको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिए।

## अनुगमनमा रास्वपालाई भोट मागेको भन्दै स्वास्थ्य मन्त्रीको आलोचना

**सुरेश राय**

सिरहा, ३१ साउन। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले साउन ३० गते सिरहाका विभिन्न स्वास्थ्य संस्था अनुगमन तथा निरीक्षणको क्रममा आगामी निर्वाचनमा आफ्नो पार्टीलाई भोट मागेको भन्दै आलोचना भएको छ। उनले आगामी निर्वाचनमा संघीय सरकारमा आफ्नो पार्टीलाई जिताएजस्तै स्थानीय तह र मधेश प्रदेशमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीलाई जिताउन आग्रह गरेकी थिइन्। 'संघमा जिताउनुभएजस्तै स्थानीय तह र मधेश प्रदेशमा पनि युवा तथा सबै मिलेर निर्वाचनमा जिताउन एकपटक अझै मेहनत



गर्नुपर्छ,' उनले भनेकी थिइन्।

जिल्लामा लामो समयदेखि बन्द रहेका अस्पताल कहिलेदेखि सञ्चालनमा आउँछन् भन्ने प्रश्नमा मन्त्री मेहताले स्थानीय, प्रदेश र संघीय सरकार एउटै पार्टीको नेतृत्वमा भए मात्रै प्रभावकारी समन्वय गरेर अस्पताल सञ्चालन गर्न सकिने बताइन्। तीनै तहमा रास्वपा नेतृत्वको सरकार भएमात्रै समन्वय गर्न सहज हुने र काम प्रभावकारी हुने उनको भनाइ थियो। मन्त्रीले आफ्नो पार्टीलाई निर्वाचनमा जिताउन आग्रह गरेको भन्दै सामाजिक सञ्जाल प्रयोगकर्ताले

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

### बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मलमा किसान, व्यवस्थामा संकट

धान रोपाइँ सकिएपछि किसानको मुख्य चिन्ता बालीलाई आवश्यक मलखाद जुटाउनु हो। तर सिरहाका किसानका लागि धान खेतमा मल हाल्ने समय नै अभाव, कोटा र वितरण प्रणालीको झमेलामा बितिरहेको छ। औरही गाउँपालिका–४ गणेशपुरका मोतीलाल यादवलाई आफ्नो धानबालीका लागि कम्तीमा ६ बोरा डिएपी आवश्यक छ। तर उनले अहिलेसम्म एक बोरा मात्रै पाएका छन्। दुईपटक मल हाल्नुपर्ने अवस्थामा सहकारीबाट आवश्यक परिमाणमा मल नपाउँदा उनको उत्पादनको चिन्ता बढेको छ।

गणेशपुरकै अमितकुमार यादवको समस्या पनि उस्तै छ। दुई बिघा खेतका लागि तीन बोरा मल आवश्यक भए पनि उनले एक बोरा मात्रै पाए। वडा कार्यालयको सिफारिस लिएर सहकारीबाट ल्याएको त्यही मल खेतमा छर्नुपरेको उनको भनाइ छ। यी दुई किसानको समस्या प्रतिनिधि घटना मात्रै हुन्। जिल्लाका धेरै किसानले अहिले यस्तै अभाव झेलिरहेका छन्। प्रश्न मलको उपलब्धतामात्रै होइन, वितरण प्रणालीको प्रभावकारितामाथि पनि हो। औरही–४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवका अनुसार वडाका किसानका लागि एक लटमा कम्तीमा दुई हजार बोरा डिएपी आवश्यक पर्छ। तर वडाको कृषि सहकारीले पौने दुई सय बोरा मात्रै पाएको छ। आवश्यकताको तुलनामा निकै कम परिमाणको मल आएपछि किसानले जनप्रतिनिधिसँग गुनासो गर्नु स्वाभाविक हो। जनप्रतिनिधिले पनि केन्द्रदेखि स्थानीय तहसम्मको कोटा प्रणालीलाई दोष देखाएर उम्किने अवस्था छैन।

सरकारले किसानलाई मलमा अनुदान दिँदै आएको छ। तर अनुदानको घोषणा मात्रै पर्याप्त हुँदैन। किसानले आवश्यक समयमा, आवश्यक परिमाणमा र सहज रूपमा मल पाउन सकेन भने अनुदानको वास्तविक लाभ कहाँ पुग्छ भन्ने प्रश्न उठ्छ। कागजमा मलको कोटा निर्धारण हुनु र खेतमा मल पुग्नु दुई फरक कुरा हुन्। कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक चेबनकुमार खड्काले पनि समस्या वितरणको विभिन्न तहमा रहेको बताएका छन्। पालिकाको कृषि शाखाले समयमै सिफारिस नगर्ने, सिफारिस पाएपछि सहकारीले आफ्नो कोटामा परेको मल समयमै नउठाउने र उठाएको मल आवश्यकताअनुसार वितरण नगर्ने समस्या रहेको उनको भनाइ छ। आन्दोलन र कर्फ्युका कारण केही सहकारीले मल उठाउन नसकेको अवस्थासमेत देखिएको छ। तर यस्ता कारणबारे किसानलाई समयमै जानकारी नदिँदा अभावको मार उनीहरूले नै खेपिरहेका छन्।

साउनको एक लटमा सिरहाका १७ पालिकाका १७१ विक्रेता कृषि सहकारीलाई २० हजार ५ सय बोरा युरिया र १३ हजार ३० बोरा डिएपीको कोटा छुट्याइएको थियो। आगामी लटमा अझ ठूलो परिमाणमा मल आउने बताइएको छ। यो सकारात्मक पक्ष हो। तर 'मल आउँदैछ' भन्ने आश्वासनले अहिले खेतमा उभिएको धानको आवश्यकता पूरा गर्दैन। अब सरकार र स्थानीय तहले मल वितरणलाई केवल कोटा बाँड्ने प्रशासनिक प्रक्रियाका रूपमा हेर्नु हुँदैन। कुन वडामा कति क्षेत्रफलमा धान खेती छ, कति किसानलाई कति मल आवश्यक छ र सहकारीमा आएको मल कसरी पारदर्शी रूपमा वितरण भयो भन्ने विवरण सार्वजनिक हुनुपर्छ। सहकारीले मल लिएको मिति, परिमाण र बिक्री गरेको विवरणसमेत अनुगमनको दायरामा ल्याइनुपर्छ।

मलको अभाव हरेक वर्ष दोहोरिने नियति बन्नु हुँदैन। किसानले खेती गर्ने समय मौसमसँग जुध्नुपर्छ, बजारसँग जुध्नुपर्छ, सिँचाइको समस्या झेल्नुपर्छ त्यसमा मलका लागि कार्यालय र सहकारी धाउनुपर्ने बाध्यता थपिनु विडम्बना हो। किसानको पसिनामाथि निर्भर कृषि अर्थतन्त्रलाई बलियो बनाउने हो भने मल वितरणमा देखिएको अव्यवस्था तत्काल सुधार्नुपर्छ। धान खेतमा मल चाहिएको बेला गोदाममा होइन, किसानको हातमा पुग्नुपर्छ। सरकारको जिम्मेवारी यही हो, कोटा होइन, आवश्यकताअनुसार मल आश्वासन होइन, समयमै आपूर्ति। किसानलाई यही भरोसा चाहिएको छ।

# किन स्वदेश फर्केका हुन् देउवा ?

### विमानस्थलबाट उनी सोझै कांग्रेसको असन्तुष्ट समूहको सम्पर्क कार्यालय पुग्नु र त्यसपछि सोही समूहको राष्ट्रिय भेलामा सहभागी हुनु संयोग मात्र त पक्कै होइन



गोविन्द अधिकारी

राजनीतिमा नियति र संयोग पनि उत्तिकै बलियो हुन्छ। मोहन शमशेरले बागी विश्वेश्वरप्रसाद कोइरालालाई त्यसै भनेका थिएनन् राजा हुन त पुर्पुरोमा लेखेर ल्याउन पर्छ। यो अर्कै हो बीपीले पुर्पुरोमा लेखिएको भए पनि नभए पनि आफ्नो भाग्य आफैँ बनाए। थोरै समय सत्तामा पनि पुगे तर जनताको मनमा अहिलेसम्म आसन जमाइरहेका छन्। उनैले जन्माएको पार्टी नेपाली कांग्रेस अहिले नियति, नियत र नियन्ताको भरोसामा देखिन पुगेको छ। विशेष महाधिवेशनबाट निर्वाचित पदाधिकारीको नेतृत्वमा कांग्रेस प्रतिनिधि सभाको चुनावमा सहभागी भयो। चुनावमा उमेदवार भएका पार्टी सभापति चुनाव हारे। राष्ट्रिय स्वतन्त्र पार्टीको वेगमा मुस्किलले पार्टीको अस्तित्वसम्म जोगियो।

नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशन गर्ने समय ढिलो भइसकेको थियो। चुनाव लगत्तै पार्टी महाधिवेनको तयारीमा लाग्यो। पन्ध्रौं महाधिवेशनको तयारीसँग आन्तरिक विवाद पनि चर्काउन खोजियो। विशेष महाधिवेशनमा भाग लिएका र नलिएकाहरूबीच पन्ध्रौं महाधिवेशन कहिले गर्ने र कसरी गर्ने भन्ने विवाद चलिरहेकै थियो सर्वोच्च अदालतले नेपाली कांग्रेसको विशेष महाधिवेशनको वैधतासम्बन्धी टुंगो लागिसकेको मुद्दा पुनरवलोकन गर्ने स्वीकृति दियो। यसलाई संयोग वा नियति भन्ने कि षड्यन्त्र ? आआफ्नै तर्क र अर्थ होलान्। सर्वोच्च अदालतले मुद्दा दोहोर्‍याउने निर्णय गरेपछि जेन–जीका नाममा गत भदौमा भएको आन्दोलनका सबैभन्दा ठूला पीडित शेरबहादुर देउवा पनि निर्वासनबाट फर्के। अदालतको निर्णयबाट बौरिएका अहिले संस्थापन इतरका नाममा चिनिने विशेष महाधिवेशन विरोधी नेताहरू देउवाको फिर्तीले हौसिए।

(सर्वोच्च अदालत शेरबहादुर देउवाका लागि भाग्यको ढोका बन्ने गरेको छ विगतमा। नेपाल विद्यार्थी संघ(नेविसंघ)का संस्थापकमध्येका देउवा पनि अदालतले नेविसंघलाई वैध ठहर गरेपछि जेलबाट मुक्त भएका थिए। सर्वोच्च अदालतले नै २०५२ साल भदौमा प्रतिनिधि सभा पुनःस्थापना गरेपछि देउवा प्रधानमन्त्री बन्न पुगेका थिए। ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा देउवामाथि भ्रष्टाचारको मुद्दा लगाइयो। भक्तबहादुर कोइराला नेतृत्वको सम्पत्ति छानबिनसम्बन्धी शाही आयोग सर्वोच्च अदालतले खारेज गरिदियो। राजा ज्ञानेन्द्रको सत्ताविरुद्धको आन्दोलनको नैतिक मनोबल अदालतको यही आदेश बढाएको मानिन्छ। अर्कोपटक त झन् सर्वोच्च अदालतबाट देउवालाई प्रधानमन्त्री बनाउन परमादेश नै जारी भयो। अदालतले देउवालाई साथ दिएको पछिल्लो घटना उनलाई थुनछेक नगर्नु भन्ने आदेश थियो। यही आदेशपछि देउवा ढुक्कसँग आत्मनिर्वासनबाट नेपाल फर्केका छन्।)

**देउवा राजनीतिमा फर्कका कि स्वदेश ?**

उपचारका लागि भनेर विदेश गएको झन्डै साढे पाँच महिनापछि स्वदेश फर्किँदा देउवा राजनीतिक वृत्तको मात्र होइन सामाजिक सञ्जालको पनि चर्चित पात्र बनेका छन्। काठमाडौं आउँदा विमानस्थलमा उनको भव्य स्वागत भयो। त्यसपछि उनले दिएको अभिव्यक्तिको व्यापक सराहना पनि गरिएको थियो। तर भोलिपल्टै कांग्रेसको आन्तरिक विवादमा देखिएको उनको सक्रियताले एउटा प्रश्न उब्जाएको छ, देउवा नेपाल फर्किएका हुन् कि राजनीतिमा ? यो प्रश्न यसरी पनि सोध्न सकिन्छ राजनीतिमा सक्रिय हुनैका लागि देउवा स्वदेश फर्केका हुन् ?

सक्रिय राजनीतिबाट पन्छने अपेक्षा गरिएका देउवा नेपाल ओर्लिनेबित्तिकै फेरि राजनीतिक विवादको केन्द्रमा किन देखिए ? यस प्रश्नले सामाजिक सञ्जालको आलोचनात्मक धार तिखो बनाएको देखिन्छ। देउवाको पुनरागमनलाई धेरैले 'स्वदेश फिर्ती' भन्दा 'राजनीतिक पुनरागमन'का रूपमा हेरेको देखिएको छ। विमानस्थलबाट उनी सोझै कांग्रेसको असन्तुष्ट समूहको सम्पर्क कार्यालय पुग्नु र त्यसपछि सोही समूहको राष्ट्रिय भेलामा सहभागी हुनु संयोग मात्र त पक्कै होइन। कांग्रेसभित्र विशेष महाधिवेशन, पार्टीको वैधानिकता र नेतृत्वलाई लिएर विवाद चलिरहेका बेला देउवाको सक्रिय उपस्थितिले उनी राजनीतिबाट विश्राम लिन नभई आफ्नो राजनीतिक प्रभाव जोगाउन फर्किएको सन्देश दिएको छ।

**देउवा गुटको नेतामात्र रहने कि पार्टीको बन्ने ?**

शेरबहादुर देउवाका सामु विकल्प धेरै देखिँदैन। उनले विमानस्थलमा दिएको वक्तव्यमा कांग्रेसभित्र भावनात्मक एकता आवश्यक रहेको भनेका थिए। उनकै शब्दमा 'कांग्रेसभित्र भावनात्मक रूपमा एकता आवश्यक छ। यो पार्टीमा विवाद हुँदा मुलुकको राष्ट्रियता र लोकतन्त्र कमजोर हुने खतरा हुन्छ। सहमति र सहकार्यबाट मेलमिलाप गरेको अनुभव हामीसँग छ। पार्टीभित्र देखिएका असहमतिलाई सबै साथीहरूको न्याय र कदर हुने गरी बृहत्तर एकतामा बदल्नुपर्छ, व्यक्ति केन्द्रित हुनु हुन्न। पार्टी एकताको पक्षमा दृढ हुन आह्वान गर्न चाहन्छु। पार्टीका हामी सबै एकै परिवारका सदस्य हौँ'।

चुनदेवीमा भने उनको स्वर र आशय बदलिएको सुनियो। खप्पिस राजनीतिक नेता हुन्। समयको नाडी छामेर बोल्न जानेका छन्। तर, देउवालाई कांग्रेसमा विवाद हुँदा 'राष्ट्रियता र लोकतन्त्र' कमजोर हुने साँच्चै लागेको हो भने त उनले चुनदेवीको भिडमा पनि एक्लो बृहस्पति बन्ने आँट गर्नुपर्थ्यो। जनाधार नभएर नभएका केही आकाशेबेलीलाई जोगाउन विवादको जड बलियो बनाउनुको औचित्य देउवा आफैँले खोज्नुपर्छ।

**अभिभावक हुने अवसर**

देउवा इतर भनिएको समूहका एकमात्र सम्बल देखिन्छन्। उनको दौराको फेरोमा बाँकी अरू झुन्डिएका हुन्। नेपाली कांग्रेस विभाजन गरेर राजालाई सत्ता बुझाउने सारथी बनेका देउवालाई इतिहास सच्याउने मौका भने अझै देखिन्छ। कांग्रेसको विवादमा अदालतलाई निर्णायक बनाउनुको साटो कार्यकर्तालाई नै निर्णयको जिम्मा दिनु राजनीतिक र लोकतान्त्रिक पनि हुन्छ। यसैले अहिलेको मुद्दा फिर्ता लिन लगाए भने त्यो देउवाको नैतिक विजय पनि हुन्छ र उनी वास्तवमै अभिभावकको रूपमा स्थापित हुन्छन्। त्यससँगै देउवाले चुनदेवीलाई होइन सानेपालाई नै आफ्नो थलो बनाउनुपर्छ। देउवा सानेपा जाँदा पक्कै गगनहरूले स्वागत र सम्मान गर्नेछन्। समानान्तर पार्टी नचलाउनेबित्तिकै महाधिवेशन तयारीको निगरानी गर्ने अभिभावकीय हक देउवाको हुनेछ। उनका सल्लाह, निर्देशनको अवज्ञा गर्ने आँट कसैले गर्नेछैनन्। पन्ध्रौं महाधिवेशन गराउन अभिभावकीय भूमिका पूरा गरे भने देउवाको पुराना पाप राफसाफ पनि हुनेछ।

**इतरका 'मस्कट' बन्न पुगेका शशांक**

संस्थापन इतरले अन्ततः डा.शशांक कोइरालालाई उनीहरूको संगठनको 'मस्कट' बनाएका छन्। तर शशांक भने आफू पार्टी फुटाएर नयाँ गठनको पक्षमा नरहेको भन्न थालेका छन्। इतर पक्षले आयोजना गरेको राष्ट्रिय भेलामा उनले भनेका छन् 'पार्टी फुटाउने वा नयाँ पार्टी खोल्ने पक्षमा म बिल्कुलै छैन। जनताको चाहनाअनुसार पार्टीलाई परिमार्जित गर्दै लैजानुपर्छ'।

कुरा त सही हो। बीपी कोइरालाका कान्छा छोरा पनि कांग्रेस फुटाउने खेलका नाइके भए भने यसलाई नियतिकै विडम्बना ठान्नुपर्ने हुन्छ। तर के गर्नु संगत र साथले उनलाई त्यतै तान्दै लगेको देखिन्छ। अहिलेको नाटकमा शशांक सूत्रधार होइनन् पात्र हुन्। यसैले पार्टी फुटाउँदिन भन्दाभन्दै उनी पार्टी फुटाउनेहरूकै लहै लहैमा लागेका छन्।

इतिहास दोहोरिन्छ नै त भन्न सकिँदैन तर कतै न कतै पदचाप सुनिन्छ। पहिलो जनआन्दोलन हुन रोक्न बीपी पुत्र प्रकाश कोइरालालाई प्रयोग गरिएको थियो। जनआन्दोलनको नेतृत्व गरेका भए प्रकाश कोइराला कांग्रेसको नेतृत्वमा सहजै स्थापित हुन्थे। यसैगरी दोस्रो जनआन्दोलन बिथोल्न शशांकलाई समेत प्रयोग गर्न खोजिएको थियो भने प्रकाश त मन्त्री नै भएका थिए राजाको प्रत्यक्ष शासनमा। अहिले पनि शशांकलाई अगाडि सारिएको छ। देउवा समूहका लागि त यो 'आए आँप गए झटारो ' न हो।

**पार्टी फुटाउने अपजसको बाटामा**

सुशील कोइरालासँगका अधिकांश नेता कार्यकर्ता अहिले संस्थापनमा देखिन्छन्। शशांकलाई देउवाका कार्यकर्ताले अहिले अगाडि सारेजस्तै पछि पनि अगाडि लगाउन् त ? स्पष्ट छ, उनलाई शिखण्डी बनाउन खोजिएकोमात्र हो अहिले। यद्यपि, उनलाई सुम्पियो भने पनि नेतृत्व गर्न सक्छन् भनेर पत्याउने आधार अहिलेसम्म देखिएको छैन। यसैले कांग्रेस फुटएको कलंक गणेशमान सिंह र महेन्द्रनारायण निधिका छोराहरूको निधारमा त लागिसकेकै छ। बीपीका छोराले पनि किन नलिने ? भन्ने हो भने बेग्लै।

**षड्यन्त्र कि नियति ?**

अहिलेको अवस्थाका लागि सबैभन्दा बढी दोषी त देउवा नै हुन्। महासमितिको २०८२ को मंसिरका गर्ने भनिएको नियमित महाधिवेशन गर्न नदिन जालझेल गर्नेहरू अहिलेको अवस्थाका लागि मूल दोषी हुन्। नेपाली कांग्रेसलाई सिध्याउन नेपाल र। भारतमा समेत राणाका पालादेखि नै साम, दान, दण्ड, भेदको प्रयोग अनगिन्तीपटक पहिले पनि भएको इतिहास साक्षी छ। ससाना स्वार्थ हुनेका लागि पनि कांग्रेस सबैभन्दा बलियो निकट प्रतिद्वन्द्वी हो भने नेपालको राष्ट्रियता र लोकतन्त्रमाथि कुदृष्टि राख्नेका लागि त मुख्य अवरोध नै हो। कारण, नेपाली कांग्रेसले कहिल्यै सम्झौता गरेको छैन। यद्यपि, राज्यले औपचारिकरूपमा 'अराष्ट्रिय तत्त्व' घोषणा गरेको राजनीतिक शक्ति पनि नेपाली कांग्रेस नै हो।

**र अन्त्यमा**

संस्थापन इतरका अहिलेका सारथी कृष्णप्रसाद सिटौलालाई गगनकुमार थापालाई सभापति भन्न मन लागेन रे ! मान्न मन नलागेको कि भन्न ? भन्नमात्र मन नलागेको भए ठीकै छ। छोरा उमेरका ठिटाहरूले पनि किसुनजी, गिरिजाबाबु भन्दा उनीहरू रिसाउँदैन थिए। सिटौलाले पनि गगन भाइ भनेर सम्बोधन गर्दा कांग्रेसी

–बाँकी तीन पेजमा

*किन स्वदेश ...*

संस्कारमै हुर्केका गगन सभापति भनेनन् भनेर पक्कै रिसाउँदैनन्।

सभापति मान्दिन भन्नु भने अलि नमिल्ने हुन्छ कि ? सिटौला नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्य छन्। उनलाई केही समय पहिले पार्टीको संसदीय दलका नेताले राष्ट्रिय सभाको नेताबाट हटाएका थिए। त्यसलाई उनले मान्नै परेको छ।(पूर्णबहादुर खड्काले सभापति मान्दिन भन्न सक्छन्। उनी पार्टी विवादका झगडिया जो हुन्। शशांक, प्रकाशमानहरूले पनि गगनलाई सभापति मान्दिन भन्न सक्छन्। चुनावै लडेनन्। पार्टीको पदमा छैनन्।)

सुवर्णजीलाई सभापति मान्ने कि बीपीलाई भन्ने विवाद पनि थियो कुनै बेला कार्यकर्तामा। यद्यपि नेताहरूबीच भने विवाद थिएन सुवर्णजीले अन्तिम अवस्थामा भनेजस्तै बीपीको नासो धानेका थिए भन्नेमा। विशेषमहाधिवेशनले गठन गरेको कार्यसमितिको नेतृत्वमा चुनाव लडेका विमलेन्द्र निधि, प्रकाशशरण महतहरूले पनि गगनलाई सभापति मान्दिन भन्न मिल्दैन। सिटौलाजी सभापति गगनकुमार थापा नभनेर गगन भाइ भने पनि भन्नुस् सभापति मान्दिन भन्न त मिल्दैन कि ? तपाईं त वकिल पनि हो नि ! बाह्रखरीबाट

*अनुगमनमा...*

'मन्त्री स्वास्थ्य क्षेत्रको समस्या बुझ्न र समाधान गर्न आएकी हुन् कि मत माग्न ?' भन्दै प्रश्न गरेका छन्। लहानका स्थानीय रामप्रसाद साहले वर्तमान राजनीतिक नेतृत्वप्रति आक्रोश व्यक्त गर्दै जनताले अपेक्षा गरेअनुसारको शासन र सेवा पाउन नसकेको गुनासो गरे। 'मैले बहुदल देखें, गणतन्त्र पनि हेर्दैछु। सरकारमा केही राम्रा व्यक्ति पनि थिए, तर उनीहरू अब छैनन्,' साहले भने।

उनका अनुसार लहानस्थित प्रादेशिक अस्पतालको पछाडिपट्टि मुटु रोगसम्बन्धी अस्पताल निर्माणका लागि जर्मन सरकारले सहयोग गर्ने भन्दै जग्गा छुट्याइएको भए पनि योजना अझै अलपत्र अवस्थामा छ।

मन्त्री मेहता संघीय संसद् क्षेत्र नम्बर १ का सांसद बब्लु गुप्तासहित नेता–कार्यकर्ताको जम्बो टोली लिएर उनी जिल्लाका विभिन्न सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाको निरीक्षणमा पुगेकी थिइन्। उनले धनगढीमाई नगरपालिकामा लामो समयदेखि बन्द रहेको महेन्द्र गेनाइ स्मृति प्रसूति तथा बाल कल्याण अस्पताल, लहानस्थित रामकुमार–शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान आँखा अस्पताल तथा लहान नगरपालिका–३ मा बाल अस्पताल निर्माणका लागि छुट्याइएको जग्गाको निरीक्षण गरेकी थिइन्।

अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द भएको विषयमा पत्रकारले प्रश्न गर्दा मन्त्री मेहताले सरकारी अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द नभएको बताइन्। उनको भनाइ अनुसार सरकारी अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागू नै रहेको छ भने निजी अस्पतालमा मात्रै बीमा सेवा बन्द गरिएको हो। यसैबीच, मन्त्री मेहताले लहानस्थित अस्पतालमा तत्काल ट्रमा युनिट सञ्चालनमा ल्याउने घोषणा गरेकी छन्। राजमार्गमा हुने दुर्घटना र घाइतेको उपचारलाई मध्यनजर गर्दै ट्रमा युनिट सञ्चालनमा ल्याउने प्रतिबद्धता उनले जनाएकी हुन्।

स्वास्थ्य संस्थाको अवस्था र वर्षौंदेखि अलपत्र योजनाको समाधानतर्फ ध्यान दिनुपर्ने स्थानीयको अपेक्षा रहे पनि अनुगमनकै क्रममा राजनीतिक अपिल गरिएको भन्दै मन्त्री मेहताको भ्रमणको आलोचना भएको छ।

# ग्यास अभावले गुइँठा र दाउराले धान्दै भान्सा

**धीरेन्द्रप्रसाद साह**



राजविराज, ३१ साउन। खाना पकाउने एलपी ग्यासको अभाव हुन थालेपछि सप्तरीसहित मधेश प्रदेशका ग्रामीण तथा सहरी क्षेत्रमा सर्वसाधारणले वैकल्पिक इन्धनको प्रयोग बढाउन थालेका छन्। ग्यास सहज रूपमा नपाएपछि कतिपय परिवारले दाउरा र गोबरबाट बनाइएको गुइँठाको जोहो गर्न थालेका छन्। रुपनी गाउँपालिका–२ की सुगन्धीदेवीले ग्यासको अभाव हुन सक्ने अनुमान गर्दै पहिल्यैदेखि गोबरको गुइँठा जोहो गरेर राख्नुभएको छ। घरमा आवश्यक पर्ने गुइँठा आफैँ बनाएर राख्नुका साथै छरछिमेकबाट समेत केही मात्रामा खरिद गरेर भण्डारण गरेको उहाँले बताउनुभयो।

"ग्यास नपाउँदा खाना पकाउन समस्या हुन्छ। त्यसैले गोबरको गुइँठा बनाएर राखेकी छु। केही छिमेकीबाट पनि किनेर जोहो गरेकी छु," सुगन्धीदेवीले भन्नुभयो। राजविराज नगरपालिका–९ विषहरियाकी लखियादेवीले पनि ग्यास अभावका बेला प्रयोग गर्न गुइँठा भण्डारण गर्नुभएको छ। उहाँले गुइँठा राख्नकै लागि घरनजिकै छुट्टै 'गुइँठा घर' समेत बनाउनुभएको छ। वर्षभरि घरायसी प्रयोजनका लागि प्रयोग गर्ने गरी गुइँठा बनाउने गरेको उहाँको भनाइ छ।

ग्यास अभाव भएपछि अहिले छरछिमेकमा आवश्यक परेका परिवारलाई थोरै–थोरै गुइँठा सहयोगसमेत गर्ने गरेको लखियादेवीले बताउनुभयो। "गुइँठा बेच्नका लागि बनाएको होइन। आफ्नै घरमा वर्षभरि प्रयोग गर्न भण्डार गरेर राख्छु। अहिले ग्यास नपाउँदा छिमेकीलाई पनि चाहिएको बेला थोरै दिने गरेकी छु," उहाँले भन्नुभयो।

**कात्तिकदेखि गुइँठा बनाउन थालिन्छ**

स्थानीय महिलाका अनुसार गुइँठा बनाउने काम विशेषगरी कात्तिक–मङ्सिरदेखि सुरु हुन्छ। जाडो सकिएपछि चैत–वैशाखतिर पर्याप्त मात्रामा गुइँठा बनाएर वर्षायाम र आवश्यकताका लागि भण्डारण गरिन्छ। स्थानीय सुमित्रादेवीका अनुसार गुइँठा बनाउन पनि पछिल्लो समय समस्या हुन थालेको छ। गाउँघरमा किसानले व्यक्तिगत रूपमा गाईभैंसी पाल्ने क्रम घट्दै गएपछि गोबर सहज रूपमा पाउन छाडिएको उहाँले बताउनुभयो।

"पहिले प्रायः घरघरमा गाईभैंसी हुन्थे। गोबर पनि पर्याप्त हुन्थ्यो। अहिले पशुपालन घट्दै गएको छ। जर्सी तथा विकासी जातका गाईभैंसीको गोबरबाट पनि पहिलेको जस्तो गुइँठा बनाइँदैन," उहाँले भन्नुभयो। परम्परागत रूपमा गोबरलाई माटो वा भुससँग मिसाएर गोलो, चेप्टो, आकारमा बनाई घाममा सुकाएर गुइँठा तयार गरिन्छ। सुकिसकेपछि यसलाई वर्षायामसम्म सुरक्षित राख्ने गरिन्छ।

**ग्यास आएपछि घटेको थियो दाउराको प्रयोग**

सहरी क्षेत्रमा एलपी ग्यासको प्रयोग बढ्दै गएपछि दाउरा बेच्ने व्यवसायसमेत लगभग बन्दजस्तै भएको स्थानीयको भनाइ छ। ग्यास सहज भएपछि दाउराको माग घटेकाले जंगलबाट दाउरा ल्याएर बिक्री गर्ने काम छोडेको रुपनी गाउँपालिकाका बिन्दा मण्डलले बताउनुभयो। "पहिले जंगलबाट दाउरा ल्याएर बजारमा बेच्थ्यौँ। ग्यासको प्रयोग बढेपछि दाउराको माग घट्यो। त्यसैले त्यो काम छोड्यौँ," उहाँले भन्नुभयो।

उहाँका अनुसार अहिले वन क्षेत्रमा सुकेको दाउरा पाउनसमेत कठिन हुन थालेको छ। सुकेको दाउरा खोज्न जंगलभित्र निकै टाढासम्म जानुपर्ने भएकाले एक दिन दाउरा संकलन गर्न र अर्को दिन बजारमा बिक्री गर्न जानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। "वनमा पहिले जस्तो सजिलै सुकेको दाउरा पाइँदैन। दाउरा खोज्न जंगलको निकै भित्र जानुपर्छ। एक दिन ल्याउने र अर्को दिन बजारमा बेच्न जाने हो भने श्रमअनुसारको आम्दानी पनि हुँदैन," मण्डलले भन्नुभयो।

ग्यासको आपूर्ति नियमित हुँदा दाउरा र गुइँठाको प्रयोग घट्दै गएको भए पनि पछिल्लो समय ग्यास अभाव देखिएपछि ग्रामीण क्षेत्रमा परम्परागत इन्धन गुइँठा दाउराको महत्व फेरि बढेको छ। स्थानीयका अनुसार गुइँठा र दाउरा तत्कालीन विकल्प बने पनि यसको धुवाँका कारण स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई समेत ध्यान दिनुपर्ने आवश्यकता छ। सर्वसाधारणले खाना पकाउने इन्धनको नियमित र सहज आपूर्ति हुनुपर्ने बताएका छन्। ग्यास अभाव लामो समयसम्म रहेमा वैकल्पिक इन्धनको जोहो गर्न ग्रामीण तथा न्यून आय भएका परिवारलाई थप कठिन हुने उनीहरूको भनाइ छ।

# दुई कोठे विद्यालय भवन र सामुदायिक भवन उद्घाटन

**नागेन्द्रकुमार कर्ण**



महोत्तरी, ३१ साउन। महोत्तरी जिल्लाको बलवा नगरपालिकामा एक समारोहकाबिच दुई कोठे विद्यालय भवन तथा सामुदायिक भवनको उद्घाटन गरिएको छ। बलवा नगरपालिकाका नगरप्रमुख रामविजय महतोले बलवा नगरपालिका वडा २ मा रहेको श्री माध्यमिक विद्यालय बदियाको दुई कोठे भवनको उद्घाटन गर्नुभएको हो।

विद्यालयमा भवन अभावमा विद्यार्थीहरुको पठनपाठनमा समस्या हुँदै आएकोमा सो सहजीकरणको लागि दुई कोठे भवन निर्माण गरिएको उद्घाटनपश्चात आयोजित कार्यक्रममा नगरप्रमुख महतोले जानकारी दिनुभयो। नगरपालिकाको बहुवर्षीय बजेटबाट विद्यालय भवन तथा तीन कोठे सामुदायिक भवनको निर्माण गरिएको जानकारी दिनुहुँदै उहाँले यसले विद्यालयमा विद्यार्थीहरुको पठनपाठनमा सहजता आउने विश्वास व्यक्त गर्नुभयो।

उहाँले नगरभित्रको विद्यालयहरुमा शिक्षकको अभाव, कक्षाकोठाको अभाव, भौतिक संरचनाको अभावलगायतका विभिन्न व्यवस्थापनको कामहरु अझै गर्नुपर्ने आवश्यकतामा जोड दिनुहुँदै शिक्षक पूर्तिको लागि प्रयास समेत गरिएको बताउनुभयो।

उहाँले नगरभित्रको विद्यालयमा शिक्षकको परिपूर्तिको लागि विज्ञापन प्रकाशन गरिएकोमा ३६ जनाले आवेदन दिएको र त्यसमा १६ जना मात्रै छनौट हुन सकेको जानकारी दिनुहुँदै भन्नुभयो, 'शिक्षकको अभाव छ तर पनि विद्यालयहरुमा पठनपाठनलाई प्रभावित हुन नदिन आफु सक्दो प्रयास गरिरहेको छु।' उहाँले शिक्षा क्षेत्रमा आफुले चरणवद्ध रुपमा कामहरु गर्दै जाने प्रतिवद्धता समेत दिनुभयो।

सो विद्यालयका प्रधानाध्यापक मणिराम ठाकुरले विद्यालयमा १२ कक्षाकोठा भएपनि गर्मीको मौसममा एल्वेस्टर र टिनको छानो भएको कोठामा विद्यार्थीहरुलाई पठनपाठनमा असहज हुने गरेको बताउनुहुँदै भवन निर्माणले विद्यार्थी र विद्यालयलाई धेरै सहयोग पुगेको जानकारी दिनुभयो। उहाँले विद्यालयमा अहिले ४५० भन्दा बढी विद्यार्थी रहेको र सो अनुपातमा शिक्षक नरहेकोले विषयगत शिक्षक थपिदिन नगरप्रमुखसँग माग गर्नुभयो।

बलवा नगरपालिका वडा २ बदियाका वडाध्यक्ष शशी भुषण साहको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, शिक्षा शाखा संयोजक राजकिशोर झासहित विभिन्न पार्टीका प्रतिनिधिहरुको उपस्थिती थियो। विद्यालय भवन उदघाटनपश्चात नगरप्रमुख रामविजय महतोले वडामै तिन कोठा भएको सामुदायिक भवनको समेत उदघाटन गर्नुभएको थियो। बलवा नगरपालिकाको वडा २ मा रहेको श्री माध्यमिक विद्यालय वदियामा दुई कोठे भवन निर्माणको उदघाटन गर्नुहुँदै तथा नवनिर्मित भवन।

# बलिउड अभिनेत्री पूजा चोपडाद्वारा पशुपतिनाथको दर्शन



काठमाडौं, ३१ साउन। बलिउड अभिनेत्री पूजा चोपडाले पशुपतिनाथ मन्दिरमा विशेष पूजा, आराधना एवं दर्शन गरेकी छन्। उनले दुई हजार १०० को रसिद काटी पशुपतिनाथ मन्दिरमा विशेष पूजा, आराधना एवं दर्शन गर्नुभएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। अभिनेत्री चोपडासहित आज २३५ जनाले विशेष पूजाको रसिद काटेर मन्दिरमा पूजा, आराधना एवं दर्शन गरेका कोषका पुरातत्व अधिकृत सुशीलकुमार गौतमले जानकारी दिए।

सौरमास अनुसार साउनको अन्तिम दिन भएकाले बिहानैदेखि मन्दिरमा भक्तजनको घुइँचो छ। सार्वजनिक बिदा पनि परेकाले साउनको अन्तिम दिन धेरै भक्तजन आराध्यदेव भगवान् पशुपतिनाथको दर्शनमा यहाँ आएका हुन्। अभिनेत्री चोपडा पनि साउन महिना पारेर पशुपतिनाथको पूजा, आराधना र दर्शन गर्न नेपाल आएकी हुन्। गत हप्ता बलिउड अभिनेत्री शिल्पा सेट्टीले पनि पशुपतिनाथ मन्दिरमा रसिद काटेर विशेष पूजा, आराधना र दर्शन गरेकी थिइन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेशमा पनि सर्पदंशको चरम अभाव, मागेर काम चलाउँदै छन् अस्पताल

सिरहा, ३१ साउन । सिराहाको सुखीपुर नगरपालिका– २ का १६ वर्षीय ललतुनकुमार यादवलाई एक साताअघि घरमै विषालु सर्पले डसेपछि कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पताल पुर्‍याइयो । भेन्टिलेटरमा राखेर उपचार भए पनि एन्टी स्नेक भेनम नहुँदा अस्पताल प्रशासनले लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालबाट १५ भायल मगाएर उपचार गरेको थियो । यादव उपचारपछि घर फर्किसकेका छन् । त्यस्तै, कर्जन्हाको फूलकुमारी अस्पतालमै उपचारका लागि गत मंगलबार पुगेका दुईजना सर्पदंशका बिरामीका लागि भेनम नभएपछि चोहर्वाबाट २० भायल मगाएर उपचार गर्नुपरेको थियो ।

सिराहाको लहानसहित सिराहा प्रादेशिक अस्पताल, नेपाली सेनाको नन्दा बक्स गणमातहत रहेको चोहर्वा र बन्दीपुरस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रमा भेनमको अभाव छ । सर्पदंशको एउटा बिरामीलाई १० देखि २०–२५ वटा भायलसम्म औषधि चाहिन्छ । रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लहानकी मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशका अनुसार दैनिक सर्पदंशका औसत चारजना बिरामी आउने गरेका छन् । तर, एक महिनादेखि काठमाडौं, राजविराज तथा, प्रदेश आपूर्ति केन्द्रबाट मगाएर भए पनि उपचार अवरुद्ध हुन नदिएको उनले सुनाइन् । 'तत्कालका लागि अस्पतालको आफ्नै स्रोतले भेनम खरिद गर्न खोजिएको भए पनि सप्लायर्स नै भेटिएनन्,' उनले भनिन्, 'संघीय मन्त्रालयको आग्रहमा गण्डकीबाट मधेश प्रदेशमा प्राप्त भएकामध्ये ३० भायल गत मंगलबार प्राप्त भएको छ । अहिले पनि ५० भायल स्टकमा छ, अन्यत्र पनि खोजिरहेका छौं ।'

सिराहा प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनील कुसवाहले सिराहा नगरपालिकासहित अर्नमा, औरहीसम्मका बिरामी आउने अस्पतालमा उपचार गर्न आउने सर्पदंशका बिरामीलाई चाहिने भेनमा करिब तीन महिनादेखि अभाव रहेको बताए । 'अस्पतालसँग रहेको स्टकबाट इमर्जेन्सीका लागि लहान, चोहर्वा, कलैया र बर्दिबासलाई ५८० भायल भेनम दियौं,' उनले भने, 'हाम्रो अस्पतालमा आउने बिरामीका लागि ४० भायलजति स्टकमा छ, त्यसैले काम चलाउँछौं ।'

चोहर्वा गणका प्रमुख सेनानी समीर श्रेष्ठले चोहर्वा र बन्दीपुर केन्द्रमा आउने औसत पाँच–पाँच सर्पदंशका बिरामीको उपचारमा प्रयोग गरिनु पर्ने एन्टी स्नेक भेनमको स्टक रित्तिन लागेको बताए । 'विषालु सर्पले डसेर गम्भीर अवस्थामा ल्याइएका बिरामीका लागि भेनम नभएकाले उपचार गर्न सक्दैनौं भन्ने स्थिति सिर्जना भएको छ,' उनले भने, 'त्यस्तो वेला बिरामीको मृत्यु पनि हुन सक्छ ।'

मधेश प्रदेशभरका स्वास्थ्य संस्थामा औषधि आपूर्ति गर्दै आएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका अनुसार स्टोरमा २० भायल मात्र एन्टी स्नेक भेनम स्टक छ । यद्यपि, १० लाख रुपैयाँको भेनम खरिदका लागि प्रक्रिया थालिएको र कम्तीमा एक साता लाग्न केन्द्रका निर्देशक डा. नागेन्द्रप्रसाद यादवले बताए ।

# मधेस प्रदेशमा 'शिक्षा संवाद' : शिक्षा ऐन र विद्यालय शिक्षा सुधारबारे सरोकारवालाको सुझाव



जनकपुरधाम, ३१ साउन । शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन निर्माणअघि सातै प्रदेशमा सञ्चालन गरिरहेको 'शिक्षा संवाद' अभियानअन्तर्गत मधेस प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको छ । धनुषास्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुण्डमा प्रधानाध्यापक एसोसिएसन नेपालको सहजीकरणमा आयोजित कार्यक्रममा मधेस प्रदेशमा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकार शैलेन्द्र झा, विद्यालय शिक्षा महाशाखा प्रमुख शिव सापकोटा, प्रधानाध्यापक एसोसिएसन नेपालका अध्यक्ष सुदाम गौतम, शिक्षा अभियन्ता अभिषेक घिमिरेलगायत सहभागी थिए । कार्यक्रममा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न अगुवाहरूले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने विषय, विद्यालय शिक्षालाई बलियो र गुणस्तरीय बनाउने उपाय तथा विद्यालय शिक्षाको विकासमा समुदायको अपनत्व र सहभागिता बढाउने विषयमा सुझाव दिएका थिए ।

सरोकारवालाहरूले शिक्षा ऐन निर्माण गर्दा विद्यालय तहमा देखिएका व्यावहारिक समस्या, शिक्षक तथा विद्यालयका आवश्यकता र स्थानीय समुदायको भूमिकालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए । मधेस प्रदेशका ८ वटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रका अन्य अगुवाहरूले शिक्षा सुधारका विभिन्न विषयमा धारणा तथा सुझाव राखेका थिए ।

सातै प्रदेशमा पुगेर शिक्षा क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवाद गरी प्राप्त सुझावलाई आगामी शिक्षा ऐन तथा शिक्षा सुधारका नीतिमा समेट्ने उद्देश्यले मन्त्रालयले 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ ।

# मधेश सरकारबाट योजना दिलाइदिने भन्दै ठगी गर्ने पोखराका रामेश्वर पराजुली प्रहरी हिरासतमा

**विनय आजाद**



सिरहा, ३१ साउन । मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै ठगी गर्दै आएका पोखराका रामेश्वर पराजुली पक्राउ परेका छन् । कास्कीको पोखरा उपमहानगरपालिका–५ का ३८ वर्षीय पराजुलीलाई गत साउन २७ गते नै प्रहरीले सिरहाबाट पक्राउ गरेको हो । सिरहाका योगेन्द्रकुमार यादवले उनीविरुद्ध ७ लाख रुपैयाँको चेक बाउन्स भएको बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गराएका थिए । तर, पक्राउ परेपछि पराजुलीले २९ गते पीडितसँग लेनदेन गरी मिलापत्र गरेका छन् ।

पीडित यादवका अनुसार मधेश प्रदेश सरकारबाट विकास योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै पराजुलीले ७ लाख रुपैयाँ लिएका थिए । तर, योजना नपरेपछि यादवले पैसा फिर्ता माग्दा आलटाल गर्दै आएका पराजुलीले चेक दिएका थिए । चेक पनि नसाटिएपछि उनले मुद्दा दर्ता गराएका हुन् । सिरहाबाट मुद्दा टुंगिए पनि पराजुलीलाई रिहा नगरी प्रहरीकै गाडीमा शनिबार जिल्ला प्रहरी कार्यालय, महोत्तरी पुर्‍याएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए । उनीविरुद्ध महोत्तरीमा ठगी तथा आपराधिक विश्वासघात र बैंकिङ कसुर गरी दुईवटा मुद्दा छन् ।

महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी पञ्चलाल गोलेका अनुसार एकडारा गाउँपालिका–४ दरवेश राय यादवले उनीविरुद्ध ३–३ लाख गरी ६ लाख रुपैयाँ बिगो दाबी गरेर जाहेरी दर्ता गराएका हुन् । मधेशका मन्त्रालयहरूबाट योजना दिलाइदिने भनेर पराजुलीले पैसा लिएको दरवेशको आरोप छ । पराजुलीमाथि अनुसन्धान गर्नका लागि अदालतबाट लिन पठाउने तयारी भइरहेको डीएसपी गोलेले बताए । मधेशका जिल्लामा मात्रै नभएर पराजुलीमाथि काठमाडौंमा पनि यस्तै प्रकृतिका २०७४ सालयता दर्ता भएका आधा दर्जन बढी मुद्दा छन् ।

डीएसपी गोलेका अनुसार महोत्तरीबाट कानुनी प्रक्रिया टुंगिएपछि पनि उनी रिहा हुने छैनन् । पराजुलीलाई मुद्दा चलेका अन्य जिल्लाका प्रहरी कार्यालयमा पुर्‍याइने छ । उनी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, उनका छोरा अमरेन्द्र यादव, मधेशका पूर्वअर्थमन्त्री सञ्जय यादव निकटका व्यक्ति हुन् ।

# सर्लाहीमा वर्षा : गर्मीबाट राहत, किसानमा खुसी



**जनार्जन खत्री**

सर्लाही, ३१ साउन । गर्मीबाट प्रभावित बनिरहेका सर्लाहीका बासिन्दाले आइतबार दिउँसोपख पानी परेपछि राहत महसुस गरेका छन् । जिल्लाको चुरेवर्ती क्षेत्र र पूर्व–पश्चिम (महेन्द्र) राजमार्ग क्षेत्रमा करिब एक घण्टासम्म पानी परेको छ । सदरमुकाम मलंगवासहित दक्षिणी भेगमा भने कम पानी परेको स्थानीयवासीले बताएका छन् ।

पर्याप्त वर्षा हुँदा गर्मी कम हुनुका साथै धानबालीका लागि निकै फाइदा पुगेको भन्दै किसानहरू खुसी भएको लालबन्दी नगरपालिका–१६ परवानीपुरका वडाध्यक्ष गणेशबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार उत्तरी भेगमा केही दिनदेखि दिनहुँजसो नै पानी परिरहेको छ ।

यस पटक जिल्लाको दक्षिणी भेगमा भने कम वर्षा भएको छ । सदरमुकाम मलंगवा निवासी सञ्चारकर्मी अमलेश शर्माले आइतबार दिउँसोपख सामान्य वर्षा हुँदा दक्षिणी भेगमा पनि गर्मी निकै कम भएको बताउनुभयो । उत्तरी भेगमा बारम्बार वर्षा भइरहे पनि दक्षिणी भेगमा कम पानी परेको उहाँको भनाइ छ । आकाशीय वर्षाको भर रहेको उत्तरी भेगमा बारम्बार पानी परेर धान, कोदो, मकै लगायतका बालीलाई फाइदा पुगिरहँदा किसान हर्षित भएका छन् । दक्षिणी भेगमा कम पानी पर्दा धानबालीमा बारम्बार मोटर तथा पम्पसेट चलाएर सिँचाइ गर्नुपरेको किसानहरूको गुनासो छ । मध्याह्नसम्म चर्को गर्मी रहेको सर्लाहीमा दिउँसोदेखि एकाएक पानी परेर मौसम फेरिएको छ ।

# रुपन्देही निर्माण व्यवसायी संघका कार्यवाहक अध्यक्ष कुटिए

बुटवल, ३१ साउन । लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देहीको अधिवेशनका सम्बन्धमा उत्पन्न विवादका क्रममा कार्यवाहक अध्यक्ष रमेश बेल्बासेमाथि हातपात भएको छ । संघको भैरहवास्थित कार्यालयमा बसेको बैठकका क्रममा अधिवेशनको मितिबारे विवाद हुँदा बैठक स्थगित भएको थियो । सोही विषयलाई लिएर लुम्बिनी निर्माण व्यवसायी महासंघका प्रदेश महासचिव विनय ज्ञवालीले बेल्बासेमाथि हातपात गरेका हुन् ।

ज्ञवाली निर्माण व्यवसायी संघ रुपन्देहीका पूर्वअध्यक्षसमेत हुन् । ज्ञवालीले आफूमाथि मुक्का प्रहार गर्दा कानको जालीमा असर परेको बेल्बासेले बताए । गत जेठमा बसेको संघको कार्यसमिति बैठकले आगामी मंसिरको १२ र १३ गते अधिवेशन गर्ने निर्णय भइसकेको अवस्थामा संघका सदस्य शुभम रौनियारले असोजमा गर्नुपर्ने भन्दै विवाद गरेको बेल्बासेले बताए । 'मंसिरसम्म हाम्रो कार्यकाल रहेकाले मंसिरमै अधिवेशन गर्ने निर्णय गरेर महासंघको प्रदेश समितिमा पनि जानकारी गराइसकेका हौं,' कार्यवाहक अध्यक्ष बेल्बासेले भने, 'यस्तोमा मेरै कार्यकक्षमा प्रदेशकै महासचिव कुटपिटमा उत्रिनुभयो ।'

संघको पूर्वअध्यक्ष र प्रदेश महासचिवले अभिभावकको भूमिका खेल्नुपर्नेमा उल्टै हातपातमा उत्रिँदा निर्माण व्यवसायीकै बदनाम भएको उनले बताए । कुटपिटपछि बेल्बासेले वडा प्रहरी कार्यालय सिद्धार्थनगरमा कारबाहीको माग गर्दै उजुरी दिँदा समस्या समाधान नभएको बताए । अब जिल्ला प्रहरी कार्यालयमै जाहेरी दिने उनको भनाइ छ । प्रतिनिधि सभामा निर्वाचनमा रास्वपाबाट उम्मेदवारी दिएपछि संघको अध्यक्ष मञ्जु ज्ञवाली भुसालले महासचिव प्रितम रौनियारलाई कार्यवाहक अध्यक्ष तोकेकी थिइन् ।

भुसालको निर्णयविरुद्ध अदालतमा मुद्दा समेत परेको थियो । त्यसपछि बेल्बासे कार्यवाहक अध्यक्ष बनेका हुन् । प्रदेश समितिका महासचिव ज्ञवालीले कार्यवाहक अध्यक्ष बेल्बासेले अमर्यादित शब्द बोलेकाले आफूले हातपात गरेको स्वीकार गरेका छन् । बेल्बासे पक्षका व्यवसायीहरूले ज्ञवालीमाथि कानुनी कारबाही हुनुपर्ने र प्रदेश महासचिवबाट पदमुक्त गर्नुपर्ने माग गरेका छन् ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)